**बैठक संख्याः१३**

आज मिति २०७९ साल फाल्गुण १२ गते बुधबारका दिन बराहक्षेत्र नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री रमेश कार्की ज्यूको अध्यक्षतामा निम्न बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक नगर सभा हलमा बिहान ८:०० बजे बसी निम्न अनुसारका निर्णयहरु गरियो ।

## उपस्थिति

| | |
|---|---|
| १. नगर प्रमुख- श्री रमेश कार्की | अध्यक्ष |
| २. उप- प्रमुख - श्री नन्द कुमारी सुनुवार | सदस्य |
| ३. वडा अध्यक्ष, वडा नं १ - श्री किसन थापा | सदस्य |
| ४. वडा अध्यक्ष, वडा नं २ - श्री होम प्रसाद गौतम | सदस्य |
| ५. वडा अध्यक्ष, वडा नं ३ - श्री राजदिप लामा | सदस्य |
| ६. का.वा. वडा अध्यक्ष, वडा नं ४ - श्री टंक प्रसाद विष्ट | सदस्य |
| ७. वडा अध्यक्ष, वडा नं ५ - श्री रोहित काफ्ले | सदस्य |
| ८. वडा अध्यक्ष, वडा नं ६ - श्री उद्धब प्रसाद पोखरेल | सदस्य |
| ९. वडा अध्यक्ष, वडा नं ७ - श्री कपिल आचार्य | सदस्य |
| १०. वडा अध्यक्ष, वडा नं ८ - श्री रोशन खड्का | सदस्य |
| ११. वडा अध्यक्ष, वडा नं ९ - श्री निरञ्जन मण्डल चन्द्रबंशी | सदस्य |
| १२. वडा अध्यक्ष, वडा नं १० - श्री तेज बहादुर गुरुङ्ग | सदस्य |
| १३. वडा अध्यक्ष, वडा नं ११ - श्री कृष्ण कुमार महतो | सदस्य |
| १४. कार्यपालिका सदस्य - श्री पंकज कुमार महतो | सदस्य |
| १५. कार्यपालिका सदस्य - श्री बिष्णु कुमारी बिष्ट | सदस्य |
| १६. कार्यपालिका सदस्य - श्री मालति बिश्वकर्मा | सदस्य |
| १७. कार्यपालिका सदस्य - श्री दुर्गा राई | सदस्य |
| १८. कार्यपालिका सदस्य - श्री नविन बि.क. | सदस्य |
| १९. कार्यपालिका सदस्य - श्री भगवति कटुवाल खड्का | सदस्य |
| २०. कार्यपालिका सदस्य - श्री रत्न बहादुर रम्तेल | सदस्य |
| २१. कार्यपालिका सदस्य - श्री सुष्मा माझी | सदस्य |
| २२. प्रमुख प्रशासकीय अधिकृत - श्री ऋद्धि प्रकाश सिटौला | सदस्य-सचिव |

**आमन्त्रित**

१. लेखा अधिकृत - श्री वीरेन्द्र यादव

२. अधिकृत छैटौं प्रशासन शाखा प्रमुख - श्री राजकुमार गौतम

३. सूचना प्रविधि अधिकृत - श्री पुकार पोखरेल

**प्रस्तावहरुः-**

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।

२. मधुवन प्रहरी चौकीका लागि जग्गा व्यवस्था सम्बन्धमा ।

३. "घ" वर्गको निर्माण इजाजत सम्बन्धमा ।

४. लागु औषध नियन्त्रण सम्बन्धमा ।

५. नगरपालिका स्थापना दिवस मनाउने सम्बन्धमा ।

६. शव वाहन खरिद प्रक्रिया अगाडी बढाउने सम्बन्धमा ।

७. खर्च अनुमोदन सम्बन्धमा ।

८. झोलुङ्गे पुल निर्माण गर्ने सँस्थाको म्याद थप सम्बन्धमा ।

९. कोशी पारी अस्थाइ प्रहरी विट सम्बन्धमा ।

१०. विपद् व्यवस्थापन पूर्व तयारी सम्बन्धमा ।

११. सप्तकोशी क्याम्पस र चतरा अस्पतालको जग्गा भोग अधिकार सिफारिस दिने सम्बन्धमा ।

१२. निर्देशिका पारित गर्ने सम्बन्धमा ।

१३. विविध ।

**निर्णयहरुः-**

१. प्रस्ताव नं १ उपर छलफल हुँदा मिति २०७९ पौष २७ गते बसेको कार्यपालिका बैठकको समिक्षा गरी सो बैठकमा भएका निर्णयहरुको कार्यान्वयन सन्तोषजनक भएको निर्णय गरीयो ।

२. प्रस्ताव नं २ उपर छलफल हुँदा बराहक्षेत्र नगरपालिका वडा नं ११ मा रहेको प्रहरी चौकी मधुवनको भवन निर्माणको लागि साविक मधुवन ५(क) कि.नं १८५ र ५९ को क्षेत्रफल ०३-०५-०५ मध्येबाट दक्षिण पूर्व पट्टीको क्षेत्रफल ००-०५-०० भएको जग्गा उपलब्ध गराउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृती माग गर्ने निर्णय गरीयो ।

३. प्रस्ताव नं ३ उपर छलफल हुँदा वराहक्षेत्र नगरपालिकामा रहेका देहाय बमोजिमका निर्माण व्यवसायीहरुको "घ" वर्गको निर्माण इजाजत पत्र उपलब्ध गराउने निर्णय गरीयो ।

देहायः-

क) तिनजुरे कन्सल्टेन्ट एण्ड विल्डर्स, वराहक्षेत्र-८

४. प्रस्ताव नं ४ उपर छलफल हुँदा यस नगरपालिका अन्तर्गत १ देखि ११ वडा सम्म लागु औषध दुर्वसनी न्यूनीकरण गर्न प्रत्येक वडाले कम्तीमा ७ (सात) जनालाई लागु औषधको नियन्त्रण प्रचारप्रसारका लागि स्वंयसेवकको रुपमा नामावली ३(तिन) दिन भित्र पठाउन वडा कार्यालयहरुलाई परिपत्र गर्ने निर्णय गरीयो ।

५. प्रस्ताव नं ५ उपर छलफल हुँदा मिति २०७९/११/२७ गते वराहक्षेत्र नगरपालिकाको स्थापना दिवसलाई भव्यरुपमा मनाउन देहाय बमोजिमको कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरीयो ।

- नगरपालिका स्थापना दिवस मुल समारोह समिति तथा सो अन्तर्गतका उपसमितिहरु

**मुल समारोह समितिमा रहने पदाधिकारीहरुः-**

| | |
|---|---|
| श्री रमेश कार्की | संयोजक |
| श्री नन्द कुमारी सुनुवार | सदस्य |
| श्री ऋद्धि प्रकास सिटौला | सदस्य |
| श्री १ देखि ११ का वडा अध्यक्षहरु | सदस्य |
| श्री कार्यापालिका सदस्यहरु सबै | सदस्य |
| श्री शाखा प्रमुखहरु, बराहक्षेत्र नगरपालिका सबै | सदस्य |

**उप-समितिहरुको शिक्षा तर्फबाट**

| | |
|---|---|
| श्री देवेन्द्र बहादुर मल्ल | संयोजक |
| श्री रोहित काफ्ले | सदस्य |
| श्री उत्तमराज भारती | सदस्य |
| श्री तुलसा राई | सदस्य |

**उप समितिहरु स्वास्थ्य तर्फबाटः**

| | |
|---|---|
| श्री रोशन खड्का | संयोजक |
| श्री उमेश प्रसाद मेहेता | सदस्य |
| श्री अरुण कुमार मेहेता | सदस्य |

| | |
|---|---|
| श्री दुर्गा राई कापा सदस्य | सदस्य |
| श्री रत्न बहादुर रम्तेल कापा सदस्य | सदस्य |

**उपसमितिहरु खेलकुद तर्फबाट**

| | |
|---|---|
| श्री कपिल आचार्य | संयोजक |
| श्री आसाराम चौधरी | सदस्य |
| श्री अरुण कुमार मेहेता | सदस्य |
| श्री पुकार पोखरेल | सदस्य |
| श्री दुर्गा बहादुर बस्नेत | सदस्य |

मिति २०७९/११/२६,२७ र २८ प्रत्येक वडा कार्यालय र नगरपालिका परिसर भित्र दिप प्रज्वलन गर्ने तथा माथी उल्लेखित समितिहरुले देहाय बमोजिमको कार्यक्रम गर्ने निर्णय गरीयो ।

मिति २०७९/११/२६ गते शिक्षा तर्फको उपसमितिले माध्यमिक स्तरीय बक्तित्वकला प्रतियोगिता सञ्चालन गर्ने ।

मिति २०७९/११/२८ गते स्वास्थ्य तर्फको उपसमितिले नगर स्तरीय स्वास्थ्य शिविर सञ्चालन गर्ने ।

मिति २०७९/११/२८ गते खेलकुद तर्फको उपसमितिले नगर स्तरीय खुल्ला म्याराथन प्रतियोगिता सञ्चालन गर्ने ।

६. प्रस्ताव नं ६ उपर छलफल हुँदा वराहक्षेत्र नगरपालिकालाई शव वाहन खरिद गर्नका लागि कर छुटका लागि सिफारिस गरी खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरीयो ।

७. प्रस्ताव नं ७ उपर छलफल हुँदा बराहक्षेत्र नगरपालिका वडा नं १ स्थित रहेको बाघखोला-कटहरे, भण्डारीटार-चावाचा, धरान-चतरा, चतरा-बराहक्षेत्र र मिलन चौक-सूर्यकुण्डको सडक बर्षायाममा आएको पहिरो र कटानले सडक अवरुद्ध भई सो समयमा आएको पहिरोलाई हटाउन प्रयोग भएको जेसिवीको भुक्तानीका लागि रु १,२१,३४०। पेश भए बमोजिम सो रकमलाई सार्वजनिक मर्मत सुधार शिर्षकबाट बिनियोजन हुने गरी खर्च अनुमोदन गर्ने निर्णय गरीयो ।

८. प्रस्ताव नं ८ उपर छलफल हुँदा संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम(सशर्त अनुदान) अन्तर्गत बराहक्षेत्र नगरपालिका वडा नं १ चतराधाम कोशी नदी कुम्भमेला लाग्ने स्थानमा झोलुङ्गे पुल निर्माण कार्यको लागि आ.व. २०७९/८० मा रु १७,००,०००। (सत्र लाख मात्र) विनियोजन भएको हुँदा सो योजनाको विस्तृत आयोजना प्रतिवेदन (डि.पि.आर) तयार गरी पेश गर्न परिवर्तनका लागि हाम्रा हातहरु, इटहरी सुनसरीलाई मिति २०७९/०६/३० गते कार्यादेश दिईएकोमा सो कार्य सम्पन्न गरी डि.पि.आर. पेश भएकोमा मिति २०७९/०९/०२ गते बाट सो संस्थाको ३ बर्षे सम्झौता अवधि समाप्त भएको हुँदा झोलुङ्गे पुलहरुको संचालनको लागि सहजीकरण

तथा प्राविधिक र सामाजिक संगठनात्मक सहयोग गर्नका लागि बराहक्षेत्र नगरपालिका नगर कार्यपालिकाको कार्यालय तथा त्यस संस्थासँग भएको पूर्व सम्झौताका सेवा शर्त सुविधा यथावत रहने गरी गैह्र सरकारी संस्था छनौट तथा परिचालन दिग्दर्शन २०६४ बमोजिम काम गर्ने गरी सम्झौताको म्याद समाप्त भएको मिति २०७९/०६/०२ गते देखि २०८१/०६/०१ गते सम्मका लागि म्याद थप गर्ने निर्णय गरीयो ।

९. प्रस्ताव नं ९ उपर छलफल हुँदा बराहक्षेत्र नगरपालिका वडा नं ६ र ९ कोशीपारीका लागि अति नै आवश्यकता रहेको प्रहरी विट निर्माण गरी सो प्रहरी विटमा आवश्यक जनशक्तीका लागि तालुक निकायलाई अनुरोध गर्ने निर्णय गरीयो ।

१०. प्रस्ताव नं १० उपर छलफल हुँदा बराहक्षेत्र नगरपालिकामा सम्भावित हुन सक्ने विभिन्न विपद्का घट्नाहरुलाई न्यूनीकरण गर्न विपद् पूर्व तयारी योजना तयार गरी कार्यक्रम अगाडी बढाउन नगर विपद व्यवस्थापन समिति र वडा स्तरीय विपद् व्यवस्थापन समितिलाई निर्देश गर्ने निर्णय गरीयो ।

११. प्रस्ताव नं ११ उपर छलफल हुँदा बराहक्षेत्र नगरपालिका वडा नं ७ मा रहेको सप्तकोशी बहुमुखी क्याम्पसको स्तर बृद्धिका लागि बराहक्षेत्र नगरपालिकाको अधिनमा रहेको कि.नं. ८३(४) को २-०४-१२ जग्गा भोगचलनका लागि सप्तकोशी बहुमुखी क्याम्पसलाई र बराहक्षेत्र नगरपालिका वडा नं २ अवस्थित चतरा अस्पतालले भोग चलन गर्दै आएको सुनसरी मोरङ्ग सिँचाई आयोजनाको नाममा रहेको जग्गा सोहि अस्पतालको स्तर बृद्धिका लागि अस्पताललाई भोगाधिकारका लागि हस्तान्तरण गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरीयो ।

१२. प्रस्ताव नं १२ माथी छलफल गर्दा बराहक्षेत्र नगरपालिकाको प्लाष्टिक झोला प्रतिबन्ध सम्बन्धि निर्देशिका, २०७९ पारित गर्ने सर्वसम्मतबाट निर्णय गरीयो ।

१३. प्रस्ताव नं १३ माथी छलफल गर्दा देहाय बमोजिमका निर्णयहरु सर्व सम्मत रुपले पारित गरीयो ।

क) बराहक्षेत्र नगरपालिका वडा नं ६ मा रहेको पशु सेवा केन्द्रको स्थान साँघुरो भई पशु को उपचार सेवा संचालन गर्न असहज भएको हुँदा सो सेवा केन्द्रलाई बैङ्कटेश्वर मन्दिरको पूर्व पट्टीको खाली जग्गामा प्राविधिकको स्टिमेट बमोजिम ट्रस्टको भवन निर्माण गरी स्थान्तरण गर्ने ।

ख) स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६४(च) अनुसार बराहक्षेत्र नगरपालिका क्षेत्र भित्र रहेको श्रोत खोलाहरु(कोकाह, सर्दु र पटनाली) बाट नदीजन्य पदार्थहरु उत्खनन, संकलन एवं बिक्री वितरणका लागि २(दुई) आर्थिक बर्ष (२०७९/८० र २०८०/८१) सम्म मान्यता रहने प्रारम्भिक बातावरण परिक्षण गर्नका लागि नगरपालिकाको कार्यालयले तयार पारेको कार्य सूची स्वीकृत गर्ने ।

ग) बराहक्षेत्र नगरपालिका वडा नं ८ मा निर्माण हुन लागेको औद्योगिक ग्रामको वातावरण अध्ययन कार्य औद्योगिक ग्रामको निर्माण/स्थापना तथा सञ्चालनको लागि वातावरण संरक्षण ऐन,२०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ बमोजिम पेश भएको प्रारम्भिक वातावरणीय परीक्षण(IEE) प्रतिवेदन स्वीकृत गर्ने ।